प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४


# दैनिक गतिविधि

**कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु :**



प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले कोभिड - १९ रोग नियन्त्रण र रोकथामका लागी प्रकाशित सूचना अनुसार PPE लगायत सामग्री खरिद मा परेका बोलपत्रका साथ प्राप्त नमुना परिक्षण गर्नका लागि एक विज्ञ टोलीको गठन गरि स्वास्थ्य सुरक्षा सामाग्रीहरुको परिक्षण र मुल्याङ्कन कार्यको शुरुवात गरेको छ। विज्ञ टोलीमा डा. डुक बहादुर क्षेत्रि, डा. मोनी सुवेदी, डा. राजीव लालचन, सपना सुवेदी र अशोक खनाल रहनुभएको छ।



न्युनतम सेवा मापदण्डको (MSS) मध्यावधिक मुल्याङ्कन गर्न र कोभिड- १९ सम्बन्धि सूचना संकलन गर्ने सफ्टवेयरको अभिमुखीकरणका लागि हिंजो म्याग्दी पुगेको स्वास्थ्य निर्देशनालय पोखराको टोलीले बेनी अस्पतालमा अनुगमन तथा मुल्याङ्कन गरेको छ भने स्वास्थ्य कार्यालय म्याग्दीमा सफ्टवेयर सम्बन्धि अभिमुखीकरण तथा तालिम कार्यक्रम सम्पन्न भएको छ। उक्त दुवै कार्यक्रममा आज स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माले समेत सहभागिता जनाउनुभएको छ।



लेखनाथ सामुदायिक लायन्स अस्पताललाई गण्डकी प्रदेश सरकारको स्वामित्वमा ल्याउनका लागि एक समिति गठन भएको छ भने समितिले उक्त कार्यका लागि प्रतिवेदन लेखन कार्यको शुरुवात गरिसकेको छ। समितिमा स्वास्थ्य निर्देशनालयका निर्देशक डा. बिनोद बिन्दु शर्मा, सामाजिक विकास मन्त्रालयका बरिष्ठ स्वास्थ्य प्रशासक डा. राम बहादुर के.सी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उप-सचिव कृष्ण प्रसाद आचार्य, आर्थिक मामिला तथा योजना मन्त्रालयका अधिकृत विशाल तिमिल्सिना रहनुभएको छ भने अस्पतालको तर्फबाट अस्पताल व्यवस्थापन समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र पो.म.पा वार्ड न. ३० का अध्यक्ष हुनुहुन्छ।



प्रदेश न. ५ मा PCR परिक्षण गर्ने Reagent को अभाव भएपछि आज ६८ वटा संकलित नमुना पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा परिक्षणका लागि ल्याइएको छ।